आज मिति २०७७ साल आश्विन २२ गते विहीबारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| का.वा.अध्यक्ष, व्यास २ | श्री लालबहादुर थापा | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: विभिन्न कार्यविधिहरु पारित एवं संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.२: आवधिक योजना निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.३: वार्षिक खरिद योजना अनुमोदन गर्ने सम्वन्धमा ।
प्रस्ताव नं.४: नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.५: प्राङ्गारिक मल उद्योग सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.६: धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: पि.सि.आर. परीक्षण मेशिन स्थापना सम्बन्धमा ।
प्रस्ताव नं.८: कोभिड रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।
प्रस्ताव नं.९: भौतिक पूर्वाधारहरुको पुनः निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१०: विभिन्न कानून निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.११: अवरुद्ध भएका अत्यावश्यक सडक सम्बन्धमा ।
प्रस्ताव नं.१२: बोलपत्र तथा दरभाउपत्रमा सूचना गरिएका योजनाहरु सम्बन्धमा ।
प्रस्ताव नं.१३: स्वास्थ्य जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१४: मन्दिर रंगरोगन तथा दर्गा भवानीको पूजापाठको लागि रकम उपलब्ध सम्बन्धमा ।
प्रस्ताव नं.१५: दशै खर्च र पोशाक खर्च सम्बन्धमा सम्बन्धमा ।
प्रस्ताव नं.१६: प्रोत्साहन भत्ता सम्बन्धमा ।
प्रस्ताव नं.१७: फ्रिज ल्यापटप तथा अन्य स्वास्थ्य उपकारण खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१८: अत्यावश्यक योजना तथा कार्यक्रमहरुमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१९: खर्च व्यवस्थपन सम्बन्धमा ।
प्रस्ताव नं.२०: विशेष बिदा दिने सम्बन्धमा ।
प्रस्ताव नं.२१: सवारी आवागमन अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.२२: आतेजाते तथा खाने बस्ने खर्च उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२३: ल्याव असिष्टेन्ट पदको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२४: जोखिम भत्ता सम्बन्धमा ।
प्रस्ताव नं.२५: खाजा खाना खर्च उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२६: शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.२७: अनुमति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२८: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.२९: बोलपत्र एवं दरभाउपत्र सम्बन्धमा ।
प्रस्ताव नं.३०: विद्युतीय रिक्साको सट्टा ट्याम्पो सञ्चालनमा ल्याउने अनुमति सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका यस नगरपालिकाका कार्यविधिहरुको मस्यौदा प्रस्ताव एवं संशोधन प्रस्ताव उपर दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो ।

क) व्यास नगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि २०७७ (परिमार्जन)
ख) व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ्ग उद्योग सञ्चालन कार्यविधि २०७७, (पारित)
(ग) व्यास नगपालिका करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ (प्रथम संशोधन)

| कार्यविधिमा भएको | कार्यविधिमा संशोधन गरिएको |
|---|---|
| **दफा ४** (१) प्राविधिक कर्मचारीको अनुसूची १ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाइट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची २ बमोजिमको ढाँचामा कम्तीमा पन्ध्र दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।<br>(३) उपनियम (२) बमोजिम पर्न आएका | **४** (१) प्राविधिक कर्मचारीको अनुसूची १ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाइट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची २ बमोजिमको ढाँचामा कम्तीमा सात दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।<br>(३) उपनियम (२) बमोजिम पर्न आएका |

| | |
|---|---|
| आवेदनहरु देहायको आधारमा नियम ५ को समितिले मूल्याङ्कन गरी सूचिकृत गर्नुपर्नेछः<br>क. शैक्षिक योग्यता वापत -५५ (पचपन्न) अंक, ( विशिष्ट श्रेणी वापत ५५, प्रथम श्रेणी वापत ५०, द्धितीय श्रेणी वापत ४५, तृतीय श्रेणी वापत ४०, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) ।<br>ख. कार्य अनुभव वापत -१० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) ।<br>घ. अन्तवार्तामा अधिकतम २५ अंक दिइनेछ । सामान्यतया यस अनुसार अकं प्रदान गर्दा न्यूनतम १० (दश) र अधिकतम १८ (अठार) को सीमाभित्र रही अंक प्रदान गर्नुपर्नेछ । तर सो भन्दा माथि अंक दिनु परेमा अन्तरवार्तामा सम्मिलित अन्तरवार्ताकर्ताले कारण खोली अंक दिन यस नियमले बाधा पुगेको मानिने छैन ।<br>(५) अन्तर्वार्ताका अतिरिक्त श्रेणी विहिन कर्मचारी बाहेक अन्य कर्मचारी नियुक्ती सिफारिस गर्दा ५० पूर्णाकको लिखित परीक्षा लिइने छ । परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । | आवेदनहरु देहायको आधारमा नियम ५ को समितिले मूल्याङ्कन गरी सूचिकृत गर्नुपर्नेछः<br>क. शैक्षिक योग्यता वापत -३५ (पैतीस) अंक, प्रथम श्रेणी वापत ३५, द्धितीय श्रेणी वापत ३०, तृतीय श्रेणी वापत २५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) ।<br>ख. कार्य अनुभव वापत -५ (पाँच) अंक (प्रति वर्ष १ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) ।<br>घ. अन्तवार्तामा अधिकतम ५० अंक दिइनेछ । सामान्यतया यस अनुसार अकं प्रदान गर्दा न्यूनतम २० (बीस) र अधिकतम ३५ (पैतीस) को सीमाभित्र रही अंक प्रदान गर्नुपर्नेछ । तर सो भन्दा माथि अंक दिनु परेमा अन्तरवार्तामा सम्मिलित अन्तरवार्ताकर्ताले कारण खोली अंक दिन यस नियमले बाधा पुगेको मानिने छैन ।<br>(५) अन्तर्वार्ताका अतिरिक्त श्रेणी विहिन कर्मचारी बाहेक अन्य कर्मचारी नियुक्ती सिफारिस गर्दा ५० पूर्णाकको लिखित परीक्षा लिन सकिने छ । परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । |
| **दफा ५. <u>अन्तर्वार्ता र सूचीकरण समिति</u>**ः (१) माग पद संख्याका आधारमा कार्यविधिको नियम (४) को उपनियम (३) बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न र अन्तर्वार्ता समेत लिई सूचीकरणको सिफारिस गर्न देहायको पदपूर्ति समिति रहनेछ ।<br>(क) नगर सभाबाट छनोट गरिएको -संयोजक<br>(ख) लोक सेवा आयोगको प्रतिनिधि -सदस्य<br>(ग) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि -सदस्य<br>(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>(ङ) प्रशासन हेर्ने शाखा प्रमुख -सदस्य सचिव | **दफा ५. <u>अन्तर्वार्ता र सूचीकरण समिति</u>**ः (१) माग पद संख्याका आधारमा कार्यविधिको नियम (४) को उपनियम (३) बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न र अन्तर्वार्ता समेत लिई सूचीकरणको सिफारिस गर्न देहायको पदपूर्ति समिति रहनेछ ।<br>(क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक<br>(ख) शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख- सदस्य<br>(ग) सम्बन्धित शाखा प्रमुख- सदस्य<br>(घ) सम्बनिधत विषयको नगर प्रमुखबाट तोकिएको विज्ञ -सदस्य<br>(ङ) सामान्य प्रशासन तथा जनशक्ति  शाखा प्रमुख- सदस्य सचिव |

**<u>निर्णय नं.२</u>**ः प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको विगत ३ वर्षको भौतिक पूर्वाधार विकासको बृहत समीक्षात्मक रुपरेखामा आधारित रही आगामी ३ वर्षको अवधिमा कार्यान्वयन गर्ने गरी ३ वर्षीय आवधिक योजना तर्जुमा गर्ने कार्यका लागि ३ महिना भित्र कार्य सम्पन्न गर्ने गरी नियमानुसार परामर्शदाता नियुक्ति गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.३</u>:** यस प्रस्ताव नं.३ का सम्बन्धमा छलफद हुँदा चालु आ.व.०७७/०७८ को बजेट  नीति  तथा कार्यक्रमका आधारमा कार्यालयद्वारा नियमानुसार प्रक्रिया पुरा गरी स्वीकृत भई पेश हुन आएको वार्षिक खरिद योजना अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७७/०७८ र ०७८/०७९ का लागि यस नगरपालिका क्षेत्र अन्तर्गत वहाव क्षेत्र रहेका मादी नदी र सेती नदीका विभिन्न ४ वटा घाटको नदीजन्य पदार्थ उत्खननको लागि आवश्यक प्रारम्भिक वातावरणीय परीक्षण गर्नको लागि कार्यालयले नियुक्ति गरेको परामर्शदाता फर्म श्री दिभा मुस्कान कन्सल्ट प्रा.लि.द्वारा तयार गरी पेश हुन आएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन उपर बृहद रुपमा छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा नियमित रुपमा संकलन गरिने कुहिने प्रकृतिको फोहोर र व्यास नगरपालिका वडा नं.१० उपल्लो भतेरी (शिशुवा भतेरी) मा स्थापना गरिएको यस नगरपालिकाको गौ संरक्षण केन्द्रमा संकलन हुने गोवर समेतलाई उपयोग गरी सोही स्थानमा प्राङ्गारिक मल उद्योग सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउन फोहोर मैला व्यवस्थापन तथा सरसफाई र उद्योग तथा पर्यटन विकास उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६**: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा नियमित रुपमा संकलन हुने पुनः प्रयोगमा आउने फोहोर मैला व्यवस्थापनको लागि जग्गा उपलब्ध गराउनु हुने समाजसेवीहरु श्री रामदेव पन्थ, श्री शक्तबहादुर दरै, स्थानीय टोल विकास संस्थाहरु लगायत अन्य स्थानीय वासीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा रोटरी क्लव अफ नेपालले यस नगरपालिकालाई निकट भविष्यमा नै हस्तान्तरण गर्ने पि.सि.आर. परीक्षण मेशिन सबैलाई पायक पर्ने स्वास्थ्य संस्थामा स्थापना गरी परीक्षण कार्य अगाडि बढाउने गरी अन्य सम्पूर्ण व्यवस्था समेत मिलाउन स्वास्थ्य तथा जनसंख्या शाखालाई निर्देशन दिने साथै पि.सि.आर. परीक्षण मेशिन उपलब्ध गराउने रोटरी क्लव अफ नेपाललाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रमा पनि दिनानुदिन कोभिड १९ को संक्रमण समुदाय स्तरमा फैलिदै गएकोले सम्पूर्ण नगरवासीहरुलाई अत्यन्तै सजग, सचेत एवं सावधानी पूर्ण तवरले स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्न अनुरोध गर्ने र अन्य मुलुक तथा नेपालका अन्य भागबाट यस नगरपालिकामा आउनु हुने नगरवासीलाई सुरक्षित भई होम क्वारेन्टिनमा बस्न र यदि सुरक्षित होम क्वारेन्टिन नभएमा यस नगरपालिकाले व्यवस्थापन गरेको क्वारेन्टिनमा न्यूनत्तम १४ दिनसम्म बस्न अनुरोध गर्ने र संक्रमणको शंका भएमा पि.सि.आर. परीक्षणको लागि यस नगरपालिकाको स्वास्थ्य तथा जनसंख्या शाखामा सम्पर्क गर्न सम्बन्धित सबैलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा वर्षात्को बाढी पहिरोबाट क्षति पुगेका देहाय बमोजिमका भौतिक पूर्वाधारहरु पुनः निर्माण गर्न देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | वडा | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | बागबजार टोल अन्तर्गत भाचिएको स्ल्याब निर्माण समेत, | ४ | ४६३००। | विपद् |
| २. | साँगे खोला डाइभर्सन (वस्ती सुरक्षा) | ६ | ६४९००। | ,, |
| ३. | राजेस गुरुङको भैसी मरेको हुँदा सहयोग | ७ | २०,०००। | ,, |
| ४. | मकरे खोला सामुदायिक भवन संरक्षणका लागि तटबन्धन | ८ | ५१,२००। | ,, |

**निर्णय नं.१०**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रही देहाय बमोजिमका विषयहरुसँग सम्बन्धित कानूनहरुको मस्यौदा प्रस्ताव तयार गरी आगामी बैठकमा पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो
(क) नगर प्रहरी व्यवस्थापन सम्बन्धी कानून
(ख) सवारी साधन तथा यातायात व्यवस्थापन सम्बन्धी कानून

**निर्णय नं.११**: प्रस्ताव नं.११ को सम्बन्धमा छलफल हुँदा हिन्दू धर्मावलम्बीहरुको महान् चाड विजया दशमी र शुभ दीपावली नजिकै आइपुगेको सन्दर्भमा ग्रामीण वडाहरुमा बढ्न सक्ने यात्रुहरुको चापलाई

मध्यनजर गरी यात्रुवाहक तथा मालवाहक सवारी साधनहरुको आवागमनलाई सुरक्षित गराउनको लागि यस अघिको सडक मर्मत सम्भारको कार्यक्रममा नसमेटिएको तथा अत्यावश्यक देखिएका मुख्य सडकहरु सरसफाई गर्नको लागि सम्बन्धित वडाका वडा अध्यक्ष, वडाको प्राविधिक तथा शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख वा निजले खटाएको प्राविधिक प्रतिनिधिहरुबाट सिफारिस भई आएमा वडा सचिव मार्फत खर्च गर्ने जिम्मा दिई तत्काल नगरी नहुने मात्र सडक सफाई कार्य अगाडि बढाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ को सम्बन्धमा छलफल हुँदा चालु आ.व.०७७/०७८ को स्वीकृत कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न हुने गरी हालसम्मको अवधिमा ठेक्का व्यवस्थाका लागि प्रकाशित बोलपत्र तथा दरभाउपत्र सम्बन्धी विभिन्न योजनाहरुको विवरण सम्बन्धमा छलफल गरियो । ठेक्का स्वीकृत भई निर्माण व्यवसायीसँग सम्झौता भए पश्चात् सो सम्झौताको एक प्रति अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा पठाउने र वडा कार्यालयको समन्वय र सहयोगमा निर्माण कार्य अगाडि बढाउने व्यवस्था मिलाउन शहरी पूर्वाधार तथा प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका पदहरु यस नगरपालिकाको करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि अनुसार करार सेवामा पदपूर्ति गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४**: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा हिन्दू परम्परा अनुसार विजया दशमीको अवसरमा नियमित पूजापाठ हुने देहय बमोजिमका कालिका मन्दिरहरुलाई देहाय बमोजिमको रकम मन्दिर रंगरोगन एवं सरसफाई तथा नवदूर्गा भवानीको पूजा अर्चनाको लागि उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|
| १. | तनहुँ शहिद कालिका, व्यास ४ | ६०,०००। | फुटकर |
| २. | शिवपाञ्चायन मन्दिर, व्यास १ | २०,०००। | फुटकर |
| ३. | कालिका मन्दिर पूजा सञ्चालन, व्यास ८ | ३०,०००। | फुटकर |
| ४. | मनकामना मन्दिर, व्यास ११ | ५०,०००। | फुटकर |

**निर्णय नं.१५**: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरु मध्ये चाडवाड खर्च र पोशाक सुविधा पाउने गरी करार सम्झौता नभएका स्वास्थ्य तर्फका कर्मचारीहरु साथै अन्य सम्पूर्ण कर्मचारीहरुलाई सम्बन्धित शीर्षकबाट वा आन्तरिक श्रोतबाट खर्च लेख्ने गरी अन्य करारका कर्मचारीहरुले खाइपाई आए सरह चाडपर्व खर्च र पोशाक सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१६**: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा कार्यरत देहाय बमोजिमका प्राविधिक जनशक्तिहरुलाई अन्य प्राविधिक कर्मचारीहरुले खाइपाई आए सरह प्रोत्साहन भत्ता आगामी कार्तिक महिनादेखि लागु हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

(क) सव इन्जिनियर श्री रामचन्द्र गौतम
(ख) सव इन्जिनियर श्री मनिषा पनेरु
(ग) असिष्टेण्ट सव इन्जिनियर श्री विस्लाल थोकर
(घ) असिष्टेण्ट सव इन्जिनियर श्री शैलन्द्रबहादुर कुंवर
(ङ) असिष्टण्ट सव इन्जिनियर श्री सन्तोष यादव
(च) असिष्टण्ट सव इन्जिनियर श्री सुनिता जोशी
(छ) असिष्टेण्ट सव इन्जिनियर श्री सुवर्ण खनाल
(ज) असिष्टेण्ट सव इन्जिनियर श्री लिलाराम रोकाय

**निर्णय नं.१७**: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा चालु अर्थिक वर्ष ०७७/०७८ को स्वीकृत बजेटबाट खर्च गर्ने गरी स्वास्थ्य तथा जनसंख्या शाखा र अन्य स्वास्थ्य संस्थाहरुको लागि अत्यावश्यक रहेका देहाय बमोजिमका सामग्रीहरु खरिद गर्ने निर्णय गरियो ।

(क) फ्रिज २ थान
(ख) ल्यापटप १ थान
(ग) वेवी वारमर २ थान
(घ) पेरीलाइट ४ थान
(ङ) पेडल सक्सन ४ थान
(च) अक्सिजन सिलिण्डर २ थान

**निर्णय नं.१८**: प्रस्ताव नं.१८ का सम्बन्धम छलफल हुँदा अत्यावश्यक प्रकृतिका योजना तथा कार्यक्रमहरुमा देहाय बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क.सं. | योजना तथा कार्यक्रमको नाम | वडा | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | बुद्धदाहाल बहिरा प्रा.वि. कम्पाउण्डवाल निर्माण | १ | २००,०००। | १४२ |
| २. | बसपार्क शिव मन्दिर महिला ट्रष्ट भवन निर्माण | १ | २५०,०००। | १४६ |
| ३. | क्यामिन कोट मा.वि. कम्पाउण्ड निर्माण | ७ | ४५०,०००। | १४२ |
| ४. | खानेपानीका लागि ३०० मिटर ए.वि.सि. तार खरिद | ७ | ७७,०००। | १२२ |
| ५. | कालिका मार्ग पहिरो सफाई | ७, ८ | ४८४,०००। | १२७ |
| ६. | सतिश्वाँरा स्वास्थ्यचौकी मर्मत सम्भार | ९ | १८२,४००। | १२७ |
| ७. | चण्डी मिनीपार्क ट्रष्ट भवन निर्माण | १० | १५०,०००। | १२७ |
| ८. | नविन श्रेष्ठ तरकारी खेती पाइप खरिद | १० | २०,०००। | १२२ |
| ९. | राजेन्द्रध्वज क्षे.अधिकारी तरकारी खेती पाइप खरिद | १० | ३५,०००। | १२२ |
| १०. | लक्ष्मी पोखेल तरकारी खेती सिंचाई पाइप | १० | २८,०००। | १२२ |
| ११. | मुलपानी खानेपानी व्यवस्थापन पाइप उपलब्ध | ११ | २५०,०००। | १२२ |
| १२. | वाराही रानी मार्ग दुग्ध सहकारी अगाडि ५४ मि. बाटो पिच | ११ | १९२,०००। | १२७ |
| १३. | रानीगाउँ, गैरावारी पोल्याङ नयाँ मार्ग मर्मत सुधार | ११ | १००,०००। | १२७ |
| १४. | सौरामिनी पन्थ जस्ता पाता खरिद | १२ | १३,४००। | १२७ |
| १५. | छिर्कने स्वास्थ्यचौकी विस्तार | १२ | १८९,४००। | १२७ |
| १६. | वडा कार्यालय भवन पार्टेशन रंग रोगन समेत | १२ | १८८,४००। | १५२ |
| १७. | खानेपानी टंकी निर्माण र मर्मत | १३ | २००,०००। | १२२ |
| १८. | साँधेर मरौटे खानेपानी टंकी तारवार | १४ | ९०,०००। | १२२ |
| १९. | ट्राफिक प्रहरी सामग्री खरिद | | १००,०००। | १२७ |
| २०. | भिमाद एफ.एम. प्रा.लि. | | २०,०००। | ७६ |
| २१. | कल्पना पन्थ उपचार खर्च सहयोग | | २५,०००। | ७६ |
| २२. | शिखर युवा क्लब सरसफाई कार्यक्रम सञ्चालन | १० | ४६,६००। | ७६ |
| २३. | परेवाडाँडा कृषि तथा पशु फर्म | १० | १९,०००। | ७६ |
| २४. | क्यामिन मोटर मार्ग पहिरो पन्छाउने कार्य | ७ | ९०,०००। | १०२ |

**निर्णय नं.१९**: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा गुरुयोजना निर्माणको चारणमा रहेको यस नगरपालिकाको मादी रिभर इन्टिग्रेटेड डेभलपमेण्ट प्रोजेक्टको कार्यान्वयन प्रकृया अगाडि बढाउन अन्तर्राष्ट्रिय लगानीकर्ताहरु आकर्षित गर्ने कार्यको लागि आवश्यक सहयोग समन्वय तथा पहल गर्ने उद्देश्यका साथ सम्बन्धित प्रोजेक्टको वस्तुस्थिति बुझ्न मिति २०७७०६।२३ गतेदेखि SMSS Enterprises नामक परामर्शदाता कम्पनीका डाइरेक्टर श्री सन्तनु घोषको नेतृत्वमा भारतको अहमदावादबाट नेपाल आउने ४ जनाको टोलीलाई आतेजाते तथा खाने बस्ने वापतको खर्च यस नगरपालिकाले सम्बन्धित आयोजनामा विनियोजित रकमबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०**: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा कोभिड १९ संक्रमणको उच्च जोखिममा यस नगरपालिकाका कर्मचारीहरु समेत रहेको र केही कर्मचारीहरु कोभिड १९ को संक्रमणबाट संक्रमित समेत

भइसकेको परिप्रेक्ष्यमा कोभिड १९ को संक्रमणको आशंकामा होम क्वारेन्टाइन वा संक्रमित भई आइसोलेसनमा बस्न पर्ने अवस्थाका सम्पूर्ण कर्मचारीहरुलाई सो अवधिको लागि विशेष बिदा दिन स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख र सामान्य प्रशासन तथा जनशक्ति शाखा प्रमुखबाट संयुक्त रुपमा सिफारिस भई आएमा विशेष बिदा दिने निर्णय गरियो ।

**निर्णय नं.२१**: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१३ र १४ अर्न्तगत पर्ने सेती नदी किनाराबाट नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी धनीहरुद्वारा बुद्धसिंह मार्ग तथा स्थानीय अन्य मार्गहरुबाट सामान ढुवानी गर्न आवागमनको लागि अनुमति पाउँ भनी अनुरोध भई आएकोमा बुद्धसिंह मार्ग (व्यास १३ र १४ खण्ड) हुँदै छाब्दी मार्गको बाटो लोड भएका सवारी साधनहरु आउने र व्यास २ र ३ को सफा सडक, देउराली नगरको पक्की पुलबाट बुद्धसिंह मार्ग हुँदै खाली सवारी साधनहरु हाललाई आश्विन मसान्तसम्म जाने गरी देहाय बमोजिमको समय तालिका अनुसार सवारी साधनहरुलाई आवागमनको लागि अनुमति दिने निर्णय गरियो ।

**समय तालिका**: बिहान ५.०० बजेदेखि ८.३० बजेसम्म र बेलुका ५.०० बजेदेखि ९.०० बजेसम्म

**निर्णय नं.२२**: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा पुरातत्व विभागद्वारा आयोजना गरिएको १५ दिने कलात्मक ढुङ्गा तथा ईट्टाको गारो लगाउने एवं काठको कलात्मक निर्माण सामग्री बनाउने तालिममा यस नगरपालिकाका तर्फबाट सहभागी हुन गएका सहभागीहरुलाई प्रति दिन रु.५००। (पाँच सय रुपैयाँ) का दरले आतेजाते तथा खाने बस्ने खर्च वापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२३**: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकालाई आवश्यक पर्ने ल्याव असिष्टेन्ट पदको लागि यस नगरपालिकाबाट मिति २०७७/५/१५ गते प्रकाशित पदपूर्ति सम्बन्धी सूचना बमोजिम पर्न आएका उम्मेदवारहरुको छनौट प्रक्रिया पुरा गरी पदपूर्ति समितिबाट मिति २०७७/६/९ मा गरिएको निर्णय अनुसार ल्याव असिष्टेन्ट पदमा नियुक्तिका लागि सिफारिस भई आएका व्यास ५ निवासी श्री पवित्रा पौडेललाई नगरपालिकाद्वारा दिइएको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४**: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा विश्व भर महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को संकमाण हाल यस नगरपालिकामा समुदाय स्तरमा फैलिएको र त्यसको रोकथाम, नियन्त्रण तथा उपचार गर्ने कममा प्रत्यक्ष रुपमा क्वारेन्टिन र आइसोलेसनमा खटिने स्वास्थ्यतर्फका कर्मचारी, चालक तथा अन्य कर्मचारीलाई सामान्य प्रशासन तथा जनशक्ति शाखा र स्वास्थ्य तथा जनसंख्या शाखाको संयुक्त सिफारिसमा कार्य प्रकृति हेरी शुरु तलब स्केलको ५० देखि ७५ प्रतिशतसम्म जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२५**: प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा हिन्दू धर्मावलम्बीहरुको महान् पर्वका रुपमा रहेको वडा दशैं र शुभदीपावली २०७७ को सार्वजनिक बिदामा कार्यालयको नियमित कामकाज तथा पालो पहरामा खटिने नगर प्रहरी, सरसफाई, स्वास्थ्य लगायत अन्य कर्मचारीहरुलाई खाजा तथा खाना खर्च वापत खाइपाई आएका पारिश्रमिकको शुरु तलब स्केललाई आधारमानी कामकाजमा खटिएको दिनको दामासाहीले हुन आउने रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२६**: प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा नि.मा.वि. प्रथम तहका श्री भरत काफलेलाई निर्मल माध्यमिक विद्यालय व्यास १ बाट सर्वज्योति माध्यमिक विद्यालय व्यास १० मा सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७**: प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ विज्ञानचौर स्थित श्री आदिकवि भानुभक्त क्याम्पसद्वारा शैक्षिक सत्र २०७७।०७८ देखि कक्षा ११ मा कानून र पत्रकारिता विषय अध्यापनको लागि अनुमति माग भई आएकोले अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८**: प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.६ को वडा स्तरीय चनौटे धारापानी मोटर मार्ग योजनालाई वडा कार्यालयको सिफारिस अनुसार रत्नज्योति आधारभूत विद्यालयको खेलमैदान निर्माण गर्ने गरी योजना परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९**: प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ को वडा स्तरीय घाँसीकुवा खण्ड पराशर मोटर मार्ग स्तरोन्नति रु.६,००,०००।, शेरा रामथुम्की मुक्तिनारायण मोटर मार्ग कालोपत्रे कार्यको रु.१५,००,०००। र वेलटारी सुन्धारा मुलपानी ठूलोचौर मोटर मार्गको लागि विनियोजित १५,००,०००। मध्ये रु.१,००,०००। दशैंको अवसरमा सोही मार्ग सफाई गर्ने र बांकी रु.१४,००,०००। को कार्यालयद्वारा ठेक्काद्वारा कार्य गर्ने प्रकिया अगाडि बढाउने निर्णय गरियो । साथै व्यास नगरपालिका वडा नं.२ को क्रमागत र वडागत योजनाहरु क्रमशः बालमन्दिर, सत्यवती चौकुना सुधार र पदमचोक, लक्ष्मी टोलको घण्टाघर रहेको चोक, भू.पू. शैनिक चोकमा ब्लक विछ्याउने कार्यका ठेक्काद्वारा कार्य गर्ने प्रकिया अगाडि बढाउने निर्णय समेत गरियो ।

**निर्णय नं.३०**: प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका विद्युतीय रिक्सा धनी वा चालकहरुद्वारा सम्भावित सवारी दुर्घटनालाई मध्यनजर गरी विद्युतीय रिक्सालाई विस्थापित गरी सोको सट्टामा ट्याम्पो खरिद गरी सञ्चालन गर्ने अनुमतिका लागि आवेदन दिएको हुँदा हाल सञ्चालनमा रहेका विद्युतीय रिक्सा धनीहरुको हकमा मात्र लागु हुने गरी निजहरुले चलाई रहेका विद्युतीय रिक्साहरु विस्थापित गरी त्यसको सट्टामा ट्याम्पो सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।